हिमालयन एभरेष्ट
इन्स्योरेन्स लिमिटेड

एकतीसौ वार्षिक साधारण सभाको
काम कारवाहीको विवरण (माइन्यूट)
२०८१

जि. पि. ओ. बक्स नं. १४८,
टेलिफोन नं : ५९७०७७९, ५२४५०७०
वेवसाईट: **www.hei.com.np**
ववरमहल, काठमाडौं, नेपाल ।

हिमालयन एभरेष्ट
इन्स्योरेन्स लिमिटेड

हिमालयन एभरेष्ट ईन्स्योरेन्स लि.

बबरमहल, जि.पि.ओ. बक्स १४८, काठमाण्डौं, नेपाल
फोन नं. ५२७०७७९, ५२४५०७०

मिति:२०८१/११/२८/०४

विषय : काम कारवाहीको विवरण (माइन्यूट) पठाएको ।

श्री शेयरधनी महानुभावहरु,

वि. सं. २०८१ साल फागुन २७ गते मंगलवार तदनुसार सन् ११ मार्च २०२५ का दिन सम्पन्न यस कम्पनीको ३१औं वार्षिक साधारण सभाद्वारा पारित निर्णयहरु र काम कारवाहीको विवरण (माइन्यूट) जानकारीका लागि यसै साथ संलग्न गरी पठाएको व्यहोरा अनुरोध गर्दछु ।

धन्यवाद ।

भवदीय,

(ध्रुव प्रसाद न्यौपाने)
कम्पनी सचिव

हिमालयन एभरेष्ट ईन्स्योरेन्स लिमिटेडको
३१औं वार्षिक साधारण सभाको
<u>काम कारवाहीको विवरण (माईन्यूट)</u>

१. **<u>बैधानिक सभा :</u>**

हिमालयन एभरेष्ट ईन्स्योरेन्स लिमिटेडको ३१औं वार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष श्री महेन्द्र कृष्ण श्रेष्ठज्यूको सभापतित्वमा निम्नलिखित मिति, स्थान र समयमा सुसम्पन्न भयो । सो सभाको सूचना, सभाको विषयसूची, उपस्थिति, गणपुरक संख्या, सभाको बैधानिकता, सभाको सभापतित्व, सभा संचालन तथा प्रतिवेदन प्रस्तुती, छलफलमा सहभागी, छलफलको क्रममा व्यक्त गरिएका मन्तव्य, प्रश्नोत्तर, सुझावहरु र सभाको निर्णयहरु समेतको काम कारवाहीको विवरण (माईन्यूट) कम्पनी ऐन, २०६३ को दफा ७५ वमोजिम देहाय अनुसार छन् ।

२. **<u>सभाको मिति, स्थान र समय :</u>**

२.१ मिति: २०८१ फागुन २७ गते मंगलवार (सन् ११ मार्च, २०२५)
२.२ स्थान: अनमोल व्याङ्केट, शंखमुल, काठमाण्डौ
२.३ समय: विहान ११:०० बजे

३. **<u>सभाको सूचना :</u>**

कम्पनी ऐन, २०६३ को दफा ६७(२) को व्यवस्था अनुसार कम्पनीको आर्थिक वर्ष २०८०/८१ को मुद्रित वार्षिक प्रतिवेदन लगायत ३१औं वार्षिक साधारण सभा हुने मिति, स्थान, समय र सभामा छलफल हुने विषयसूची समेत उल्लेख गरी कम्पनीको वेवसाईटमा राखिएको, शेयरधनी महानुभावहरुको आधिकारीक ईमेलमा पठाउनुको साथै मिति २०८१/११/०४ र २०८१/११/१८ गतेको दैनिक राष्ट्रिय पत्रिकाहरु क्रमश: “अभियान दैनिक” र “कारोवार दैनिक” मा संक्षिप्त वित्तिय विवरण समेत सम्बन्धित सबैको जानकारीको लागि सो सम्वन्धी जानकारी तथा सूचना प्रकाशित गरिएको थियो ।

४. **<u>सभाको विषयसूची :</u>**

(क) <u>सामान्य प्रस्ताव</u>

(१) ३१औं वार्षिक साधारण सभामा संचालक समितिको तर्फवाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आर्थिक वर्ष २०८०।०८१ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

(२) कम्पनीको आर्थिक वर्ष २०८०।०८१ को लेखापरीक्षकको प्रतिवेदन सहित वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण, ईक्यूटीमा भएको परिवर्तन र तत्सम्वन्धि अनुसूचीहरु पारित गर्ने ।

(३) संचालक समितिको सिफारिस वमोजिम चुक्ता पूंजी रु.२,५०,०१,५७,४०० को ८.७५ प्रतिशतले हुन आउने रु.२१,८७,६३,७७३ (एक्काईस करोड सतासी लाख त्रिसठ्ठी हजार सात सय त्रिहत्तर) लाभांसमा कर प्रयोजनको लागि) समेत नगद लाभांश प्रस्ताव पारित गर्ने ।

(४) आर्थिक वर्ष २०८१।०८२ को लागि लेखापरीक्षकको नियुक्ती र निजको पारिश्रमिक लेखापरीक्षण समितिले सिफारिस गरे वमोजिम अनुमोदन गर्ने ।

(५) विविध ।

५. **<u>उपस्थिति :</u>**

५.१ **<u>संचालकहरुको उपस्थिति :</u>**

१. श्री महेन्द्र कृष्ण श्रेष्ठ	अध्यक्ष
२. श्री विजित कृष्ण श्रेष्ठ	संचालक
३. श्रीमती अभिलाशा पन्त शर्मा	संचालक
४. श्री अजय रत्न स्थापित	संचालक

५. श्री हेम राज थापा — संचालक
६. श्री विजय कुमार पन्त — स्वतन्त्र संचालक

५.२ **सल्लाहकार**
१. श्री सीताराम तिवारी उपाध्याय कानूनी सल्लाहकार

५.३ **संचालकको अनुपस्थिति :**
१. सवै संचालकहरुको उपस्थिति रहेको ।

५.४ **पदाधिकारीहरुको उपस्थिति :**
१. श्रीमती अन्जु श्रेष्ठ — प्रमुख कार्यकारी अधिकृत

५.५ **लेखापरीक्षक**
१. श्री सुरेश चन्द्र श्रेष्ठ — लेखापरीक्षक (अनुपस्थित सूचना प्राप्त)

५.६ **कम्पनी सचिव**
श्री ध्रुव प्रसाद न्यौपाने — कम्पनी सचिव

५.७ **शेयरधनीहरुको उपस्थिति :**
५.४.१ स्वयम् उपस्थित संख्या — ४४८ (चार सय अडचालिस)
५.४.२ प्रोक्सी — १८ (अठार)
५.४.३ जम्मा उपस्थित संख्या — ४६६ (चार सय छेसठ्ठी)

६. **गणपूरक संख्या :**

विवरण	संख्या	स्वयं उपस्थित	प्रोक्सी	जम्मा	शेयरको प्रतिनिधित्व प्रतिशत
शेयरधनीहरु	२७९७०	४४८	१८	४६६	१.६७
शेयर	२५००१५७४	५१४९२३३	७६९३३४१	१२८४२५७४	५१.३७

७. **साधारण सभाको बैधानिकता :**
सभाको काम कारवाहीको प्रारम्भमा कम्पनी सचिव श्री ध्रुव प्रसाद न्यौपानेले कम्पनी र आफ्नो तर्फबाट कम्पनीको ३१औं वार्षिक साधारण सभामा भाग लिन उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु तथा विभिन्न निकायहरुवाट पाल्नु भएका प्रतिनिधिहरुलाई हार्दिक स्वागत गर्नुभयो र कम्पनी ऐन, २०६३ को दफा ७३ तथा कम्पनीको प्रवन्धपत्र र नियमावली वमोजिम यो साधारण सभाको गणपूरक संख्या पुगेको र कानून अनुसार साधारण सभा वैधानिक भएको जानकारी गराउनु भयो ।

८. **साधारण सभाको सभापतित्व र सभा संचालन :**
सभाको बैधानिकता एकिन भएपछि कम्पनी ऐन, २०६३ को दफा ६९ वमोजिम कम्पनी ऐन, २०६३ को दफा ७४(१) मा ब्यबस्था भए अनुसार संचालक समितिका अध्यक्ष श्री महेन्द्र कृष्ण श्रेष्ठज्यूको सभापतित्वमा सभा संचालन भयो । सभाको प्रारम्भमा सभापतिज्यूले उपस्थित सबैलाई स्वागत गर्दै सभाको काम कारवाही प्रारम्भ गर्नुभयो ।

९. **३१औं वार्षिक साधारण सभाको काम कारवाही प्रारम्भ:**
सर्वप्रथम प्रमुख कार्यकारी अधिकृत श्रीमती अन्जु श्रेष्ठले ३१औं वार्षिक साधारण सभामा उपस्थित सवै आमन्त्रित तथा शेयरधनी महानुभावहरुलाई स्वागत अभिवादन गर्नुभयो । उहाले कम्पनीले गरेको प्रगतीको प्रकाश पार्दै

अव्वल कम्पनी वनाउने आधार भएको जानकारी गराउनु भयो । साथै निर्जिवन वीमा क्षेत्रमा देखिएका चुनौतीको वावजुद पनि उपलब्ध साधन, स्रोत, ग्राहक मैत्री वातावरण र नविनतम प्रविधिको उच्चतम प्रयोग गर्दै कर्मचारीको मनोवल उच्च वनाई निर्जीवन वीमा क्षेत्रमै उत्कृष्ठ वनाउन प्रयास गरिने जानकारी गराउनु भयो ।

१०. **कम्पनीको ३१औं वार्षिक प्रतिवेदन तथा प्रस्तावहरुको प्रस्तुति :**

१०.१ सभाको सामान्य प्रस्ताव विषयसूची नं. (१) अनुसार सभाका सभापती श्री महेन्द्र कृष्ण श्रेष्ठज्यूले आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो ।

१०.२ सभाको सामान्य प्रस्ताव विषयसूची नं. (२) मा उल्लेख भए अनुसार लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०८०/८१ को वासलात, नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा अनुसूचीहरु प्रस्तुत गर्नुभयो ।

११. **छलफलको लागि आव्हान :**

११.१ सभापतीज्यूले सभाको काम कारवाही अगाडि बढाउनु हुँदै माथि उल्लेख भएको सामान्य प्रस्ताव विषयसूची नं. (१), (२), (३), (४) र (५) मा उल्लिखित विषय तथा प्रस्तावहरु उपर समेत छलफल तथा समुचित निर्णयको लागि उपस्थित शेयरधनी महानुभावहरुलाई अनुरोध गर्नुभयो ।

सभापतीज्यूले सवैवाट सहयोग, सद्भाव र मार्ग निर्देशनको अपेक्षा गर्दै भविष्यमा कम्पनीको विकासमा सवैको निरन्तर सहयोग हुने विश्वाशका साथ विषयसूचीमा प्रवेश गर्न आग्रह गर्नु भयो ।

११.२ शेयरधनी महानुभावहरु मध्येबाट श्री जगन्नाथ आचार्य, श्री उत्तम दत्त पाण्डे, श्री सुदिप श्रेष्ठ, श्री सत्रुघन श्रेष्ठ, श्री चन्द्र नारायण श्रेष्ठ, श्री व्रम्हदेव शाक्य, श्री भेष राज भण्डारी, श्री व्यास कुमार शर्मा, श्री उध्धव प्रसाद घिमिरे, श्री वैजु नाथ रौनियार, श्री गोविन्द वहादुर के. सी., श्री गुणराज भट्ट, श्री ईन्द्र प्रसाद लामिछाने, श्री ईन्द्र कृष्ण श्रेष्ठ, श्री नरसिंह लाल च:खु, श्री लवराज जोशी, श्री ध्रुव राज न्यौपाने, सुश्री निरुपमा गुप्ता, श्री युगल नारायण वसेल र श्री उत्सव सुन्दर श्रेष्ठले छलफलको क्रममा बोल्न नाम लेखाउनु भई वुदा नं. ११.३ अनुसार आ-आफ्नो मन्तब्य, जिज्ञासा तथा सुझावहरु प्रदान गर्नुभएको थियो ।

११.३ शेयरधनीहरुको मन्तब्य, जिज्ञासा तथा सुझावहरु :

- नगद लाभांसको लागि धन्यवाद व्यक्त ।
- वोनस शेयर भएमा अझ राम्रो हुने विचार व्यक्त ।
- Return on Equity वढाउन पर्ने सुझाव व्यक्त ।
- New Product ल्याउन पर्ने सुझाव व्यक्त ।
- महिला नेतृत्व भएकोमा खुसी व्यक्त ।
- आफ्नै भवनमा कर्पोरेट अफिस भएकोमा खुसी व्यक्त ।
- Insurance Award को स्वागत योज्ञ भएको व्यक्त ।
- Investment Income वढाउन पर्ने सुझाव ।
- प्रभावकारी रुपमा Digitalization मा जान पर्ने सुझाव व्यक्त ।
- व्यवसायको वजार हिस्सा वढाउन सुझाव व्यक्त ।
- दावी भुक्तानीलाई प्रभावकारी वनाउदा विमितको साथ पाउने सुझाव व्यक्त ।
- संस्थागत सामाजिक उत्तरदायित्व (CSR) मा खर्च गरेकोमा धन्यवाद व्यक्त ।
- वार्षिक साधारण सभा समयमै गर्न सुझाव ।
- कर्मचारी सुविधा तथा तालिममा विशेष ध्यान दिन आग्रह ।
- आगामी वर्ष डवल डिजिटमा अझ वढी वोनश शेयर तथा नगद लाभांस पाउने अपेक्षा ।
- ३१औ वार्षिक साधारण सभाको सफलता तथा कम्पनीको उत्तरोत्तर प्रगतिको कामना ।

१२. **सभापतीज्यूको प्रत्युत्तर :**

१२.१ छलफलको क्रममा शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएको जिज्ञासा, मन्तब्य, सुझाव र सल्लाहलाई कम्पनीले सम्पत्तिको रुपमा ग्रहण गरेको सभापतीज्यूले जानकारी गराउदै धन्यवाद व्यक्त गर्नुभयो ।

१२.२ यस वर्ष वांढी पहिरोवाट भएको नोक्सानीको कारणले अतिरिक्त दावी भुक्तानी गर्न पर्ने भएकाले निर्जिवन वीमा क्षेत्रमै चुनौती हुदाहुदै पनि प्रभावकारी व्यवस्थापनवाट शेयरधनीहरु लाई अधिकतम लाभांस प्रदान गर्न प्रयास गरिने जानकारी गराउनु भयो ।

१२.३ चुनौतीपूर्ण परिस्थितिमा पनि Investment Income वृद्धी गर्नेतर्फ ध्यान दिईएको, आवश्यकता अनुसार शाखा विस्तार गरिएको, Digitalization तर्फ पहल गरिएको तथा कर्मचारी तालिमलाई समय सापेक्ष वनाईने जानकारी शेयरधनीहरुलाई गराउनु भयो ।

१२.४ यस चालु आर्थिक बर्षको २०८१ फागुन २५ गतेसम्ममा २ अर्व २७ करोड ८१ लाख ५८ हजार प्रिमियम संकलन भएको सभालाई जानकारी गराउनु भयो ।

१२.५ रचनात्मक सुझावहरुलाई महत्व दिई समयानुकूल कार्यान्वयन गर्दै जाने विश्वाश दिलाउनु भयो ।

<u>सभाको निर्णय :</u>

१३. (क) **साधारण प्रस्ताव :**

१३.१ **संचालक समितिको प्रतिवेदन पारित गर्ने :**

३१औं वार्षिक साधारण सभाको विषयसूची सामान्य प्रस्तावको नं. (१) को प्रस्ताव अनुसार संचालक समितिको तर्फबाट अध्यक्षज्यूले सभामा प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन उपर छलफल पश्चात् सर्वसम्मतिबाट पारित भयो ।

१३.२ **लेखापरीक्षकको प्रतिवेदन सहित कम्पनीको आ. व. २०८०/८१ को वित्तिय विवरण पारित गर्ने :**

३१औं वार्षिक साधारण सभाको विषयसूची सामान्य प्रस्ताव नं. (२) को प्रस्ताव अनुसार लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०८०/८१ को वासलात, नाफा-नोक्सान हिसाब र नगद प्रवाह विवरण पारित होस भनी सभामा अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको प्रस्ताव उपर व्यापक छलफल पश्चात् सर्वसम्मतिबाट पारित भयो ।

१३.३ **चुक्ता पूंजीको ८.७५ प्रतिशतले हुन आउने नगद लाभांस रु.२१,८७,६३,७७३/- कर प्रयोजन समेतको लागि पारित गर्ने:**

३१औं वार्षिक साधारण सभाको विषयसूची सामान्य प्रस्तावको नं. (३) को प्रस्ताव अनुसार संचालक समितिको सिफारिस वमोजिम आर्थिक वर्ष २०८०/८१ को मुनाफावाट हाल कायम रहेको चुक्ता पूंजी रु.,२५०,०१,५७,४००/- को ८.७५ प्रतिशतले हुन आउने नगद लाभांस रु.२१,८७,६३,७७३/- नगद लाभांसको कर प्रयोजनको लागि समेत अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको प्रस्ताव उपर छलफल पश्चात् सर्वसम्मतिबाट पारित भयो ।

१३.४ **आर्थिक वर्ष २०८१/८२ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक लेखापरीक्षण समितिले सिफारिस गरेकोलाई अनुमोदन गर्ने :**

३१औं वार्षिक साधारण सभाको विषयसूची सामान्य प्रस्तावको नं. (४) को प्रस्ताव अनुसार आर्थिक वर्ष २०८१/८२ को लागि कम्पनीको लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक लेखापरीक्षण समितिले सिफारिस गरेकोलाई अनुमोदन गर्ने प्रस्ताव उपर सभामा छलफल भई लेखापरिक्षक श्री सुरेश श्रेष्ठ एण्ड एसोसिएट्सका श्री सुरेश चन्द्र श्रेष्ठ, चार्टर्ड एकाउण्टेण्ट्सलाई नियुक्त गर्ने र कर लेखापरीक्षण समेतको लागि पारिश्रमिक रु.७,७०,०००/- (सात लाख सत्तरी हजार मात्र) मु. अ. कर वाहेक प्रदान गर्न स्विकृत गर्ने निर्णय भयो ।

१३.५ **विविध:**

विषयसूची साधारण प्रस्ताव नं. (५) को विविध शिर्षक अन्तर्गत कुनै विषय नभएको ।

हिमालयन एभरेष्ट इन्स्योरेन्स लि. काठमाडौं

१४. <u>सभाको विसर्जन:</u>

सभापतीज्यूले ३१औं वार्षिक साधारण सभामा सहभागी हुनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरु तथा विभिन्न निकायहरुका आमन्त्रित प्रतिनिधीहरु समेत सवैलाई हार्दिक धन्यवाद ज्ञापन गर्नु भयो । छलफलका लागि अन्य कुनै विषय नरहेको हुंदा आजको ३१औं वार्षिक साधारण सभा अपरान्ह १.३० वजे विसर्जन गर्नु भयो ।

(ध्रुव प्रसाद न्यौपाने)
कम्पनी सचिव
मिति: २०८१।११।२८

(महेन्द्र कृष्ण श्रेष्ठ)
अध्यक्ष